का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० वैशाख २०७९,
शुक्रबार
13 May 2022,
Friday
मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक ९७ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

● स्थानीय निर्वाचन २०७९

● ३५ हजार २२१ पदका लागि

# आज मतदान




स्थानीय तहको चुनावअन्तर्गत आज मतदानको दिन हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानअनुसार दोस्रो पटक भएको चुनावमा उत्साहजनक मतदान हुने निर्वाचन आयोगको विश्वास छ ।



निर्धक्क भएर मतदान गर्न सक्नुहुन्छ । राजनीतिक दल र उम्मेदवारहरुका बीचमा सौहार्दता देखिन्छ । तथापि, सम्भावित घटनालाई ख्याल गरेर आयोग र सुरक्षा निकाय नागरिकलाई जस्तोसुकै सुरक्षा प्रदान गर्न तयारी अवस्थामा छ ।

**दिनेशकुमार थपलिया**
प्रमुख आयुक्त, निर्वाचन आयोग

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

स्थानीय तहको चुनावका लागि आज मतदानको दिन हो । बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान गर्ने समय तय भएको छ । मतदानको दिन आजलाई सरकारले सार्वजनिक बिदा दिएको छ । जस अनुसार सरकारी कार्यालय र सार्वजनिक निकायहरू बन्द छन् । मतदान केन्द्र रहेका विद्यालयमा पनि बिदा दिइएको छ । अर्थात, सबैको ध्यान चुनावमा छ ।

निर्वाचन आयोगका अधिकारीहरु स्थानीय तह निर्वाचनको सबै तयारी चुस्तदुरुस्त रहेको बताउँछन् । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया भन्छन्, 'निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आयोगले आवश्यक सबै तयारी गरेको छ ।'

आयोगका अनुसार विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारी निर्विरोध निर्वाचित भइसकेका छन् भने छ वडाध्यक्षसहित ३५ जना स्वतन्त्र सदस्य निर्विरोध निर्वाचित भएका छन् । बाँकी पदमा आजको मतदानबाट जनप्रतिनिधिहरु निर्वाचित भएर आउनेछन् ।

निर्वाचनमा १० हजार ७५६ मतदानस्थलका २१ हजार ९५५ मतदान केन्द्रबाट एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले मतदान गर्न पाउनेछन् ।

७५३ स्थानीय तहको विभिन्न पदका ३५ हजार २२१ जनामध्ये निर्विरोध निर्वाचित भएकाबाहेकका पदमा मतदानमार्फत प्रतिनिधि छनोट हुनेछन् ।

मतदान केन्द्रमा आवश्यक हुने निर्वाचन सामग्रीसहित एक लाख नौ हजार ८८ जना कर्मचारी र ६५ हजार ८६५ जना स्वयंसेवक परिचालन गरिएको छ ।

आयोगका अनुसार निर्वाचनमा मतदाताले शान्तिपूर्ण वातावरणमा निर्वाधरुपले मतदान गर्ने अधिकारको सुनिश्चितताका लागि शान्ति सुरक्षाको कडा व्यवस्था मिलाइएको छ ।

आयोगका प्रमुख आयुक्त दिनेश थपलिया भन्छन्, 'मतदाताहरुले निर्धक्क भएर मतदान गर्न सक्नुहुन्छ । राजनीतिक दल र उम्मेदवारहरुका बीचमा सौहर्दता देखिन्छ । तथापि, संभावित घटनालाई ख्याल गरेर आयोग र सुरक्षा निकाय नागरिकलाई जस्तोसुकै सुरक्षा प्रदान गर्न तयारी अवस्थामा छ ।'

यता निर्वाचन हुने दिनसम्म पनि आयोग आचारसंहिता उलंघन गर्नेहरुमाथि स्पष्टीकरण सोधिरहेको छ । र यसले मतदानको बेलामा पनि निरन्तरता पाउने आयोगका अधिकारीहरु बताउँछन् ।

– बाँकी पृष्ठ २ मा

# आजैबाट मतगणना

मतदान गर्ने समयसीमा बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म तय भएको छ । मतदान सकिएर मतपेटिका गणनास्थलमा पुगेपछि गणना शुरु हुनेछ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

निर्वाचन आयोगका सहायक प्रवक्ता एवं उपसचिव सूर्यप्रसाद अर्याले मतदान सम्पन्न भई मतपेटिका गणनास्थलमा आइपुगेपछि गणना शुरु हुने बताएका छन् । गणस्थलमा सिसी क्यामरा जडान गर्न अधिकांश स्थानमा प्रबन्ध मिलइएको उनले जानकारी दिए ।

मतगणना कार्यलाई विश्वासिलो, भरपर्दो, पारदर्शी र स्तरीकृत गर्ने आयोगको तयारी रहेको उनले जानकारी दिए । मतगणनाको एकीकृत र नियमित विवरण आयोगको वेब लिङ्कमार्फत सार्वजनिक हुने पनि अर्यालले बताएका छन् ।



मतदाता नामावलीमा नाम भएकाहरु जो मतदानस्थल वा मतदान केन्द्र पुग्छन् उनीहरु मतदान नगरी फर्किनुपर्ने छैन ।

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन अयोग

### ● मतदान गर्ने समयसीमा

निर्वाचन आयोगले मतदान गर्ने समयसीमा तोकेको छ- बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म । तर, अपरान्ह ५ बजेसम्म मतदान नसकिए अपरान्ह ५ बजेसम्म मतदान स्थल वा मतदान केन्द्रमा प्रवेश गर्नेलाई मतदान गर्न दिने गरी व्यवस्था मिलाइएको निर्वाचन आयोगले जनाएको छ ।

– बाँकी पृष्ठ २ मा

# २३ नेपाली कामदारले कतारको मेना मर्करीबाट तलब पाउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख

कतारमा विश्वकप फुटबल रंगशाला निर्माणमा काम गरी बिना तलब स्वदेश फर्किन बाध्य २३ जना नेपाली कामदारले आफ्नो तलब पाउने भएका छन् । विश्वकप फुटबल स्टेडियममा बिना तलब ६ महिना काम गरेर नेपाली कामदार रित्तो हात फर्किएपछि एमनेष्टी ईन्टरनेशनल लगायतका संस्थाले नेपालीसहित आप्रवासी कामदार हरूले बक्यौता रकम पाउनुपर्ने आवाज उठाएका थिए ।

कतार सरकारले कतारस्थित मेना मर्करी ईन्जिनियरिङ कम्पनीमा काम गरी रकम लिन बाँकी रहेका २३ जना नेपालीलाई सम्पर्कमा रकम बुझ्न आग्रह गरेको छ । रकम लिन आफ्नो नाम ठेगाना खुल्ने परिचयपत्रसँगै कतारमा काम गर्दाको कतारी आइडी नम्बर खुल्ने कागजात र पासपोर्ट लिएर जानुपर्ने छ ।

नेपालस्थित कतारको दूतावासले यस वर्ष रकम आएका २१ जना र गत वर्ष रकम बुझ्न बाँकी रहेका दुई जना गरी २३ जनालाई सम्पर्कमा आउन आग्रह गरेको छ । विश्वकप फुटबलका लागि बनाइएको रंगशालामा बिना तलब ६ महिना काम गरेर रित्तो हात फर्किएका नेपालीलाई कम्पनीले तीन वर्षपछि उनीहरूको तलब पठाएको थियो ।

नेपाल सरकारले नेपालीले नपाएको तलब दिलाउन दूतावासमार्फत लामो प्रयास गरेको थियो । पाँच वर्षअघि सन् २०१७ को अन्त्यमा ३४ नेपाली कामदार खाली हात फर्किएका थिए ।

वैदेशिक रोजगार विशेष

## द रिभर ओभरसिज २० औं वर्षमा



काठमाडौं/मस- वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था द रिभर ओभरसिज प्रा.लि. २० औं वर्षमा प्रवेश गरेको छ । कम्पनीका अध्यक्ष रघुनाथ पुरीले आगामी दिनहरूमा सुरक्षित एवं मर्यादित वैदेशिक रोजगारीका लागि म्यानपावर कम्पनीले थप प्रभावकारी काम गर्ने प्रतिवद्धता जनाएका छन् । द रिभरले २०औं हजार नेपालीहरुलाई वैदेशिक रोजगारमा पठाएर खरवौं रुपैया' रेमिट्यान्स नेपाल भित्र्याउन योगदान दिएको छ । कम्पनीले नयाँ नयाँ गन्तव्यमा वैदेशिक रोजगारमा नेपाली युवायुवतीलाई रोजगार दिलाउनुका अतिरिक्त कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत नेपालभित्र विभिन्न सामाजिक कार्यहरू गर्दै आएको छ । उक्त कम्पनीले विश्वव्यापीरुपमा फैलिइरहेको कोरोना महामारीको रोकथाम तथा नियन्त्रणका निम्ति नेपाल सरकारले स्थापना गरेको कोषमा ५ लाख १ हजार १ सय ५१ रुपैयाँ सहयोग गरेको थियो भने मोरङ बेलवारीका स्थानीयको सहयोगका लागि एम्बुलेन्स प्रदान गरेको थियो ।

# चुनावी मैदानमा ६५ दल

६५ वटा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत गरेर एक लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

निर्वाचन अयोगका अनुसार स्थानीय तहको चुनावमा भाग लिन ७९ वटा राजनीतिक दल दर्ता भएका थिए । तर, दर्ता भएकामध्ये सबै दल चुनावी मैदानमा छैनन् । जम्मा ६५ वटा राजनीतिक दल मात्रै चुनावी प्रतिस्पर्धामा छन् ।

५५ हजार ६९८ जना महिला र ८९ हजार ३१३ जना पुरुष गरी विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत जम्मा एक लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा छन् ।

७५३ स्थानीय तहको बिभिन्न पदका ३५ हजार २२१ निर्वाचित हुनेछन् । जसमध्ये ३५५ जना विभिन्न पदाधिकारीमा निर्विरोध निर्वाचित भैसकेका छन् । निर्विरोध निर्वाचित भएकाबाहेकका पदमा मतदानमार्फत प्रतिनिधि छनोट हुनेछन् । चुनावमा पाँच दलीय सत्तागठबन्धनले तालमेल गरेका छन् । कतिपय ठाउँमा एक्ला एक्लै पनि चुनावी प्रतिस्पर्धा गरेका छन् भने नेकपा एमालेले पनि साना दलहरुसँग चुनावी तालमेल गरेको छ । पाँच दलीय गठबन्धनले ६ वटा महानगर र ११ वटा उपमहानगर पालिकामा केन्द्रबाट नै तालमेल गरेको छ भने नगरपालिका र स्थानीय तहमा स्थानीय स्तरबाटै तालमेलको प्रयास गरेको छ । तथापि, कांग्रेसले ७५० स्थानीय तहको प्रमुखमा उम्मेदवारी दिएको छ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले पनि कतिपय ठाउँमा एक्लै चुनावी प्रतिस्पर्धा गरेको छ । कतिपय ठाउँमा नेकपा एमाले र कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रबीच समेत तालमेल भएको छ । एमालेले राप्रपा लगायतका साना दलहरुसँग पनि छुट्टाछुट्टै तालमेल गरेको छ ।

निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले मतदान गर्न

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० वैशाख २०७९, शुक्रबार
13 May 2022, Friday

# मतदानका लागि तीन दिन हिंड्नुपर्ने बाध्यता



**म्याग्दी/रासस-** म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्ने सिमकोस र बगरगाउँका बासिन्दा मतदानका लागि तीन दिन पैदलयात्रा गर्नुपर्ने बाध्यता छ। भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा यातायात सुविधा नपुगेको सिमकोस बगरका बासिन्दालाई मतदान केन्द्रमा पुग्न र घर फर्कन तीन दिन समय लाग्ने भएको हो। स्थानीयवासी चित्रबहादुर तिलिजाले मतदान हुनुभन्दा एक दिनअघि घरबाट हिँडेर भोलिपल्ट मतदान गरेर मात्र फर्कने गरिएको बताए।

'मतदान हुने अघिल्लो दिन गाउँबाट हिँडेर नाउरामा पुगेपछि बास बस्छौँ, भोलिपल्ट मतदान केन्द्रमा पुगेर मतदान गरी फर्केपछि नाउरामै बास बस्छौँ', उनले भने, 'घरबाट हिँडेको तेस्रो दिनमात्र फर्कन सकिन्छ।'

धवलागिरि हिमालको आधार शिविर जाने अन्तिम मानव बस्ती बगर र सिमकोस गाउँमा ५० घरधुरी छ। साविक मुदी गाविसको वडा नं ९ मा पर्ने सिमकोस बगरका बासिन्दाको मतदान केन्द्र मुदीको बुद्धीविकास मावि हो। त्यहाँ १०० भन्दा बढी मतदाता छन्। विसं २०७४ को स्थानीय तहको चुनावमा ५७ जनाले मतदान गरेका थिए। २०५४ को स्थानीय तहको चुनावमा बगर वडाका सबै निर्विरोध भएका थिए। घर कुर्नुपर्ने भएकाले सबै स्थानीयवासी मतदान केन्द्रमा आउन सक्दैनन्।

ज्येष्ठ नागरिक, अपाङ्गता र अशक्त नागरिकलाई मतदान केन्द्रमा पुग्न सास्ती हुने गरेको छ। पशु गोठमा बस्ने गोठाला पनि मतदानबाट बञ्चित हुने गरेका छन्। नाउराको अक्करे भिरको पैदलमार्ग छिचोलेर बगर पुग्नुपर्छ। मुदी गाउँसम्म मात्र सडक पुगेको छ। नाउराको भिरको पदमार्ग जिल्लाकै जोखिमयुक्त हो। विसं २०६४ अघि बगरगाउँ पुग्ने घोडेटो बाटो पनि थिएन। धवलागिरि आधारभूत विद्यालयमा कक्षा ५ पढेपछि यहाँका बालबालिका माथिल्लो तहको अध्ययनका लागि घर छाडेर जानुपर्छ।

विसं २०७५ मा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरिएको थियो। उक्त एकाइ नुहँदा बगरवासीलाई उपचारका लागि मुदी पुगेर फर्कन तीन दिन लाग्ने गरेको थियो। बगरमा छुट्टै मतदानस्थल बनाउनुपर्ने स्थानीयवासीको मागमा मतदाता सङ्ख्या थोरै भएकाले पूरा हुनसकेको छैन। एक मतदान केन्द्रमा न्यूनतम एक हजार मतदाता हुनुपर्ने निर्वाचन आयोगको मापदण्ड छ।

### चुनावको सम्पूर्ण तयारी पूरा

आज हुने स्थानीय तह चुनावका लागि सबै तयारी पुरा भएको छ। मतदानस्थलमा पुगेका कर्मचारी र सुरक्षाकर्मीले बुधबार सर्वदलीय बैठक गर्नाका साथै मतदानस्थल निर्माण गर्न थालेका छन्। मुख्य निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले मतदानस्थलबाट मतदाता परिचयपत्र वितरण गर्न थालिएको जानकारी दिए।

मतदानस्थलमा स्वयंसेवक परिचालन गरेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ। पछिल्लो पाँच वर्षको अवधिमा १३ हजार ९१२ मतदाता थपिएका छन्। थपिएका र मतदानस्थल परिवर्तन गरेका मतदाताका लागि नयाँ परिचयपत्र वितरण गर्न थालिएको छ।

विसं २०७४ को स्थानीय तहको चुनावमा ७१ हजार ४६३ मतदाता रहेकामा अहिले जिल्लामा कूल मतदाताको संख्या ८५ हजार ३७५ पुगेको छ। तीमध्ये एकचालीस हजार ४१४ पुरुष, ४३ हजार ९६० महिला र एक तेस्रोलिङ्गी छन्। सचतालिस मतदानस्थलका ११४ मतदान केन्द्रमा मङ्गलबार नै कर्मचारी र सुरक्षाकर्मी पुगेर तयारी थालेका मुख्य निर्वाचन अधिकृत पौडेलले बताए। मतदानका लागि आवश्यक मतपत्र, मतपेटिका, मतदाता नामावलीलगायत सबै ६१ किसिमका सामग्री लिएर मतदान केन्द्रमा पुगेका छन्। चुनावका लागि म्याग्दीमा कूल दुई हजार २५ कर्मचारी र सुरक्षाकर्मी परिचालन गरिएको छ।

मतदान केन्द्रमा ५६१ कर्मचारी र एक हजार ४६६ सुरक्षाकर्मी परिचालन भएका हुन्। एकसय चौध मतदान अधिकृत, ११४ सहायक मतदान अधिकृत, २२८ सहायक कर्मचारी, ११४ सहयोगी कर्मचारी गरी जिल्लाभर ५६१ जना कर्मचारी परिचालन भएका छन्। निर्वाचनमा ६१८ म्यादी प्रहरी, ३८० नेपाल प्रहरी, २०६ सशस्त्र प्रहरी, २६२ नेपाली सेना परिचालन भएका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताए।

सुरक्षा र अन्य ब्यवस्थापकीय तयारीलाई चुस्त पारिएको प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले जानकारी दिए। मतदान र मतदानअघि तथा मतगणनासम्मका लागि तयार पारिएको सुरक्षा रणनीति कार्यान्वयन गरिएको छ। छवटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा निर्वाचित हुने २३७ पदका लागि ७१८ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

स्थानीय निर्वाचन

# कामनपा-१६ मा सबैभन्दा धेरै मतदाता




**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकामा १५६ केन्द्र र ३६३ मतदानस्थल तोकिएको छ। शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि तीन लाख २४२ मतदाता रहेको महानगरको वडा नं १६ मा सबैभन्दा धेरै २० हजार १७५ मतदाता छन्।

धेरै मतदाता हुने दोस्रोमा वडा नं ३२ हो। यस वडामा १८ हजार ९१३ जना मतदाता छन्। वडा ३१ मा १८ हजार १०७ जना मतदाता छन्। त्यसैगरी वडा नं। १ सबैभन्दा कम मतदाता हुने वडा हो। यस वडामा ३ हजार ७२९ मतदाता छन्।

वडा नं २३ मा चार हजार ४७७ मतदाता छन्। वडा २० मा ४ हजार ६१४ मतदाता छन्। महानगरमा १५६ वटा मतदान केन्द्र तोकिएका छन्। यसमा ३६३ वटा मतदानस्थल छन्। वडा ३१ सबैभन्दा धेरै मतदान केन्द्र भएको वडा हो। यसमा ११ केन्द्र छन्।

यसैगरी वडा १६ मा १० केन्द्र छन्। यो वडा धेरै केन्द्र भएका वडामध्ये दोस्रोमा पर्छ। वडा ७ र ३२ मा ९/९ वटा केन्द्र छन्। सबैभन्दा कम मतदान केन्द्र भएको वडा २३ नं हो। यसमा एउटा मात्र केन्द्र छ। वडा १९, २० र २४ मा २/२ वटा मात्र केन्द्र छन्। यसैगरी वडा १, ५, ८, १२, १८ र २९ मा ३/३ वटा मतदान केन्द्र छन्।

सबैभन्दा धेरै मतदानस्थल भएको वडा १६ हो। यस वडामा २३ वटा बुथ छन्। वडा ३१ र ३२ मा २२/२२ वटा मतदानस्थल छन्। धेरै मतदानस्थल भएको तेस्रो वडा १४ नं हो। यस वडामा २१ वटा मतदानस्थल रहेको जनाइएको छ।

# पूर्ववडाध्यक्ष नेवाको निधन

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाका पूर्व वडाध्यक्ष चन्द्रानन्द नेवाको निधन भएको छ। बुधबार राति नेवाको घरमै निधन भएको काठमाडौं महानगरपालिकाले जनाएको छ। पछिल्लो समय उनी खुट्टा दुख्ने र रक्तचापको समस्याबाट प्रताडीत थिए।



स्वतन्त्र बाम उम्मेद्वारका रुपमा उनी २०१९ सालमा स्थानीय निर्वाचनबाट वडा सदस्य निर्वाचित हुँदा अहिलेको वडा नम्बर १८ त्यसबेला वडा नम्बर १२ थियो। त्यसपछि उपप्रधानपञ्च हुँदै २०३२ सालको निर्वाचनबाट प्रधानपञ्च चुनिएका थिए। २०१९ सालदेखि २०५४ सालसम्म भएका स्थानीय निर्वाचनमा उनले जित हासिल गरेका थिए।

विसं. १९८९ मा जन्मिएका नेवाले २०१९ सालदेखि २०५९ सालसम्म काठमाडौं महानगरमा जनप्रतिनिधिका रुपमा काम गरेका थिए।

# इन्सेकको अपिल

**काठमाडौं/मस-** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाली जनताले शुक्रबार हुने निर्वाचनमार्फत आफूलाई मन परेको उम्मेदवार तथा राजनीतिक दललाई छान्न पाउने संविधान प्रदत्त सार्वभौम अधिकार प्रयोग गर्न अपिल गरेको छ।

इन्सेकका अध्यक्ष डा. इन्दिरा श्रेष्ठले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा कुनै डर, धाक धम्की, त्रास र प्रलोभनमा नपरी मतदान गर्न सम्पूर्ण मतदातालाई अपिल गरिएको छ।

स्थानीय तहको निर्वाचनमा सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न आम जनसमुदायमा अनुरोध गर्दै मानव अधिकार, सामाजिक न्याय र विधिको शासनको प्रक्रियाको शुद्धीकरण र सबलीकरणमा स्थानीय तहको निर्वाचनले महत्वपूर्ण भूमिका हुने उल्लेख छ।

आज गते ७५३ स्थानीय तहका लागि हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ। विसं २०७४ मा तीन चरणमा निर्वाचन भएको थियो। संविधानको भावना र स्थानीय तह निर्वाचन ऐनअनुसार पाँच वर्षको कार्यकाल सकिएकै दिन निर्वाचन गर्ने निर्णय भएको हो।

'जननिर्वाचित प्रतिनिधिले प्रशासनिक व्यवस्थापकीय तथा कार्यकारी क्रियाकलाप आधिकारिकरूपमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्यक्रम कार्यान्वयन गर्छन्', प्रेस विज्ञप्तिमा भनिएको छ, 'निर्वाचित प्रतिनिधि स्वाभाविकरूपमा स्थानीय जनताप्रति जिम्मेवार हुन बाध्य हुन्छन्, फेरि लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउने काम सबैभन्दा बढी स्थानीय तहले नै गर्ने हो, लोकतन्त्र बलियो बनाउन जनताको सहभागिता महत्वपूर्ण हुन्छ।'

### आज....

आयोगका अनुसार निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अगाडिबाट मौन अवधि शुरु भएको थियो। आचारसंहिता लागू भएयता हालसम्म आचारसंहिता उल्लघनका घटनामा ६६ वटा स्पष्टीकरण सोधिएको छ। ९ वटा सचेत र एक वटा ध्यानाकर्षणको निर्णय भएको आयोगका सहायक प्रवक्ता एवं उपसचिव सूर्यप्रसाद अर्यालले जानकारी दिए।

अर्याल भन्छन्, 'आचारसंहिता उल्लंघन मात्रै नभएर मतदानको दिन अन्य सुरक्षाका विषय पनि छन्। राजनीतिक दलका गतिविधिहरु पनि निगरानीमा रहन्छन्। यो बेला पनि सचेत गराउने, नियन्त्रणमा लिने र आवश्यक कारबाही गर्ने कार्यमा सुरक्षा निकाय र निर्वाचन आयोग तयारी अवस्थामा छ।'

परिचयपत्र खोस्ने नियन्त्रणमा

यस्तै, मतदाता परिचयपत्र खोस्ने एक जना नियन्त्रणमा आएका छन्। मतदाता परिचयपत्र खोसेर फरार भएका दोलखाको तामाकोसी गाउँपालिका-१ का निवर्तमान वडाध्यक्ष महेश्वर काफ्लेलाई नियन्त्रणमा लिई निर्वाचन कसुरअन्तर्गत कारबाही प्रक्रिया अघि बढाइएको छ।

वडा कार्यालय भवनस्थित मतदानस्थलमा मतदाता वितरण हुँदै गरेको १२५ थान मतदाता परिचयपत्र सहायक कर्मचारी हरि शरण भट्टराईको हातबाट खोसेर फरार भएका उनलाई इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय चलान गरेको हो।

काफ्लेलाई दोलखाको मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन कसुरअन्तर्गत कारबाही चलाउने विषयमा कार्यविधिगत स्पष्टताका लागि आयोगमा आवश्यक प्रक्रिया अघि बढाइएको निर्वाचन आयोगका अधिकारीहरुले जानकारी दिएका छन्।

### आजैबाट...

'कतिपय स्थानमा अपरान्ह ५ बजेसम्म मतदान नसकिन सक्छ। तर, मतदानका लागि त्यसबेलासम्म मतदान केन्द्र वा मतदान स्थलमा प्रवेश गरिसकेकालाई मतदान गर्नबाट रोकिनेछैन' निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले भने।आयोगका अनुसार कतिपय मतदानस्थलमा पुग्नका लागि नागरिकहरुलाई ५/६ घण्टासम्म लाग्ने देखिएको छ। पातलो बस्ती र टाढा टाढा बस्ती रहेकाले कतिपय स्थानमा टाढासमेत मतदान स्थल र मतदान केन्द्र राख्नु परेको आयोगका अधिकारीहरु बताउँछन्।

अर्कोतर्फ मतदाताहरु धेरै भएका महानगर, उयपमहानगर पालिकाहरुमा पनि मतदानको समय अपरान्ह ५ बजे भन्दा पछिसम्म जान सक्ने आयोगको आंकलन छ। बढ्न सक्ने समय समेतको ख्याल गरेर मतदानको लागि व्यवस्था मिलाइएको बताउँछन् आयोगका प्रवक्ता पौडेल। 'मतदाता नामावलीमा नाम भएकाहरु जो मतदान स्थल वा मतदान केन्द्र पुग्छन् उनीहरु मतदान नगरी फर्किनुपर्ने छैन' पौडेलले भने।

### चुनावी...

पाउनेछन्। १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्र तोकिएका छन्।

### मतदानमा कसैलाई नरोक्ने

निर्वाचनमा मतदाताले मतदाता परिचय पत्र नभए पनि परिचय खुल्ने कागजात देखाएर भोट हाल्न पाउने छन्। मतदाताले परिचय खुल्ने कागजातबाट मतदान गर्न पाउने गरी व्यवस्था मिलाउन निर्वाचन अधिकृतहरुलाई निर्देशन दिइएको छ। तर मतदाता नामावलीमा नाम भएकाहरुले मात्र अन्य परिचय खुल्ने कागजात देखाएर मतदान गर्न पाउनेछन्।

आयोगबाट जारी भएको परिचयपत्र वा नेपाली नागरिकताको प्रमाण पत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जाको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाइ यकिन गरी मतदान गर्न पाउने व्यवस्था गर्न सम्बन्धित नियकायलाई निर्देशन पठाइएको आयोगले जनाएको छ।

# गाउँलेलाई कुट्ने सई पक्राउ

**सुर्खेत/मस-** मतदान अधिकृत, म्यादी प्रहरी र गाउँलेलाई कुटपिट गरेको आरोपमा प्रहरीले एक जना सईलाई नियन्त्रणमा लिएको छ। सुर्खेतको पञ्चपुरी नगरपालिका-७ धनबोटमा रहेको नेपाल राष्ट्रिय आवासीय विद्यालयको मतदान केन्द्रमा खटिएका वरिष्ठ सई (प्रहरी नायब निरीक्षक) नरेन्द्रप्रसाद भट्टले मतदान अधिकृत, सहायक मतदान अधिकृत, ड्युटीमा खटिएका म्यादी प्रहरी र स्थानीयमाथि कुटपिट गरेका थिए।

कुटपिटबाट केन्द्रका मतदान अधिकृत निरज झा, सहायक मतदान अधिकृत राजेन्द्र धमलासहित केही स्थानीय र म्यादी प्रहरीहरु समेत सामान्य घाइते भएका छन्।

कर्णाली प्रदेश प्रहरीका निमित्त प्रमुख प्रहरी वरिष्ठ उपरीषक राजेशनाथ बास्तोलाका अनुसार ती प्रहरी अधिकृतले मादकपदार्थ सेवन गरेर मतदान केन्द्रमा पुगेर कुटपिट गरेका थिए। निर्वाचनका बेला प्रहरी कर्मचारीबाटै अमानवीय व्यवहार भएकाले सई भट्टलाई कारबाहीको प्रक्रिया शुरू गरिएको एसएसपी बास्तोलाले बताए।

'निर्वाचनका बेला शान्ति सुरक्षामा खटिएका प्रहरी कर्मचारीबाटै यस्तो व्यवहार हुनु गलत हो, हामीले उनलाई नियन्त्रणमा लिइसकेका छौं,' उनले भने, 'जिल्लामा ल्याउँदै छ, आवश्यकताअनुसार निलम्बन गरेर कारबाही प्रक्रिया अगाडि बढाउँछौं।'

# कांग्रेसका पूर्वसांसद श्रेष्ठसहित ५ जना निलम्बित



**काठमाडौं/मस-** नेपाली कांग्रेसले पूर्वसांसदसहित पाँच जनालाई निलम्बन गरेको छ। स्थानीय तह निर्वाचनमा पार्टीको विधान र अनुशासन विपरीत काम गरेको भन्दै कांग्रेसले पूर्वसांसद भीमबहादुर श्रेष्ठसहितका नेता-कार्यकर्ताहरुलाई निलम्बन गरेको हो।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्य सचिव डा. प्रदीप पराजुलीका अनुसार भरतपुर महानगरपालिका-१ घर भएका पूर्वसांसद श्रेष्ठ, भरतपुर-४ घर भएका नेपाल तरुण दलका पूर्व केन्द्रीय सदस्य शम्भु प्रसाद अर्याल, भरतपुर-१६ घर भएका क्षेत्रीय प्रतिनिधि सूर्य बस्नेत, भरतपुर-२ घर भएका तरुण दलका पूर्व जिल्ला सचिव आनन्दराज राउत र भरतपुर-८ घर भएका क्रियाशील सदस्य डा. केशव पौडेललाई पार्टी सदस्यबाट निलम्बन गरिएको हो।

# पाँच वर्षको भाग्य रेखा कोर्ने दिन आज

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, २९ वैशाख



स्थानीय तह निर्वाचन आज हुँदैछ। देशभरका स्थानीयले कस्तो व्यक्ति छान्ने भने कुराको आज निर्णय गर्दैछन्। दलहरु मौन अवधि शुरु हुनु अघि आ-आफ्नो पक्षमा पार्न भोट माग्न घरदैलो अभियान व्यस्त भए।

विशेषगरी कोहलपुर नगरपालिकाभित्र कोहलपुरबासीले कस्तो नगर प्रमुख छान्ने भन्ने विषयमा भर पर्नेछ। त्यसैले कोहलपुरबासीको भाग्य र भविष्य छनौट गर्ने दिन पनि हो आज। कोहलपुरमा विगत २४ वर्ष देखि स्थानीय सरकारको नेतृत्व सम्हालेर आएको नेकपा एमालेले यो पटक के फेरि पनि ह्याट्रिक मार्ला ? यो हेर्न केही समय भने लाग्ने छ।

अर्कोतर्फ आफ्ना मतदाताहरु अन्य पार्टी भन्दा बढी भएपनि आन्तरिक घातको कारण दोस्रो हुने नेपाली कांग्रेसले यो पटक युवा तथा सक्षम व्यक्तिलाई अगाडि सारेको छ। सबै कांग्रेसका नेताहरु एक भएकाले यो पटक स्वाभाविक रूपमा कसले बाजी मार्ला ? यो विषय कोहलपुर बासीको लागि कोतुहलताको विषय बनेको छ। कोहलपुर नगरपालिकाको स्थानीय सरकार संचालन गर्नकै लागि युवा नेतृत्वहरु चुनावी मैदानमा छन्।

अर्कोतर्फ २०७४ मा स्थानीय सरकारको नेतृत्व गर्ने आशा भरोसाका साथ लागेको नेकपा माओवादी केन्द्रले पनि यो पटक आफुले एमालेको किल्ला तोड्ने जमर्को गरेको छ। स्थानीय निर्वाचनमा यस पटक नेपाली कांग्रेसबाट युवा नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष तथा नेपाली कांग्रेस महासमिति सदस्य पूर्ण प्रसाद आचार्य, नेकपा एमालेबाट नगर अध्यक्ष खिल प्रसाद भुषाल तथा नेकपा माओवादी केन्द्रबाट केन्द्रीय सदस्य नरेन्द्र न्यौपाने मैदानमा उत्रिएका छन्। राप्रपाबाट प्रदीप शाह र स्वतन्त्रबाट देवानन्द अर्याल चुनावी मैदानमा छन्।

कतारमा रोजगारको अवसर | १. कम्पनी: C T S Contracting and Trading and Services शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७८/११/०८ चलानी नं.: ६०१७४७५८६ LT. No.: 258187 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 1 | 0 | | 1200 | ४०,५१२ | | | | | | | |

२. कम्पनी: C T S Contracting and Trading and Services शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५१४९ LT. No.: 258662 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 1 | 0 | | 1200 | ४०,५१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ ६ गते (20 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

# कार्कीविरुद्धको रिटमा अन्तरिम आदेश दिन अस्वीकार



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख

सर्वोच्च अदालतले नेकपा एमालेबाट विराटनगर महानगर पालिकाको उपमेयरकी उम्मेद्वार शिल्पा निराला कार्कीविरुद्धको रिटमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ। न्यायाधीशद्वय विश्वभरप्रसाद श्रेष्ठ र प्रकाशकुमार ढुङ्गानाको इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

कार्कीले उम्मेद्वारीको मनोनयन पत्र दर्ता गराउँदा सरकारी सुविधाको पदबाट राजीनामा दिइ आफ्नो जिम्मेवारीबाट हटेको देखिएको र यो विवादको निरुपण अन्तिम सुनुवाइ हुँदा हुने भन्दै सर्वोच्चले अन्तरिम जारी गर्न अस्वीकार गरेको हो।

बुधबार पनि उक्त मुद्दाको पेसी तोकिएको थियो । तर, हेर्न नमिल्ने न्यायाधीशकोमा पेसी परेपछि सुनुवाइ सरेको थियो । न्यायाधीश प्रकाशमान सिंह राउत र नहकुल सुवेदीको इजलासमा पेसी रहेको उक्त मुद्दा हेर्न नमिल्ने हुँदै सुनुवाइ सरेको थियो। वैशाख ३० गते हुन गइरहेको निर्वाचनमा उनको उम्मेदवारी रद्द हुनुपर्ने जिकिर रिटमा गरिएको छ । उपमेयरका अर्का प्रतिस्पर्धी अमरेन्द्र यादवले कार्कीविरुद्ध रिट दायर गरेका थिए । उक्त रिटमा दुबै पक्षको बहसका लागि निर्वाचनको अघिल्लो दिन मिति तोकिएको थियो।




## नेपालको रिट 'हेर्न नभ्याइने' सूचीमा

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सांसद पद थमौती गर्न माग गर्दै दायर गरेको रिट 'हेर्न नभ्याइने' सूचीमा परेको छ। सुनुवाइका लागि रिटको पेसी न्यायाधीशद्वय अनिलकुमार सिन्हा र तिलकुमार श्रेष्ठको संयुक्त इजलासमा तोकिएको थियो ।

यसअघि १० चैत २०७८ मा पनि रिटको सुनुवाइ 'हेर्न नभ्याइने' सूचीमा राखिएको थियो ।नेपालले एमाले वरिष्ठ नेताको हैसियतबाट ९ वैशाख २०७७ मा रिट दायर गरेका थिए । अन्य रिट निवेदकहरू भने भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुसाल हुन् । हाल नेपालबाहेक सबै एमालेमै छन् । उनीहरूले रिटमार्फत सर्वोच्च अदालतको २३ फागुनको फैसलाविपरीत पार्टीलाई एकलौटी चलाएर ओलीले राजनीतिक जीवन नै समाप्त गर्ने दूराशयपूर्ण मनोभावना राखी सांसद पदबाट हटाउन खोजेको उल्लेख गरेका छन् ।

२८ फागुन २०७७ र ७ चैत २०७७ तथा ६ वैशाख २०७८ मा एमालेले गरेको निर्णय र सोही निर्णयलाई आधार मानेर ओलीले कारबाही गर्न लागेको पनि उल्लेख छ। १३ वैशाख २०७८ मा न्यायाधीश प्रकाशकुमार ढुंगानाको एकल इजलासले विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरेको थियो। त्यसपछि रिटको पेसी १० चैत २०७८ मा तोकिएको थियो ।

# जेठ २ गतेसम्म अदालत बन्द



**काठमाडौं/मस-** स्थानीय तहको निर्वाचन र सार्वजनिक बिदाका कारण सर्वोच्च अदालतसहित देशभरका अदालत जेठ २ गतेसम्म बन्द हुने भएको छ। सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले बिहीबार जारी गरेको सूचनामा यही वैशाख ३० गतेदेखि आगामी जेठ २ गतेसम्म स्थानीय तहको निर्वाचन एवं सार्वजनिक बिदा परी लगातार चार दिन अदालत बन्द रहने उल्लेख छ।

अदालतले न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम आगामी जेठ २ गते सोमबारका दिन बन्दीप्रत्यक्षीकरणको सुनुवाइ गर्ने प्रयोजनार्थ बिहान ११:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म सर्वोच्च अदालत खुला रहने जनाएको छ।

# वीर अस्पताललाई उपकरण हस्तान्तरण

काठमाडौं/मस- देशको जेठो स्वास्थ्य प्रदायक संस्था वीर अस्पताललाई चिकित्साजन्य उपकरण हस्तान्तरण गरिएको छ।

काठमाडौंस्थित इश्वर मन्दिर संस्थाले दुई थान इलेक्ट्रोलाइट एनालाइजर उपकरण उपलब्ध गराएको हो। उपकरण हस्तान्तरण समारोहमा संस्थाका संरक्षक तथा पूर्व अर्थमन्त्री शंकरप्रसाद कोइरालाले बिरामीको ठूलो चाप धान्दै आएको मुलुकको ऐतिहासिक अस्पताललाई उपचार सेवामा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

उनले सरकारी विद्यालयमा पढिरहेका विद्यार्थीका लागि ई-लनिङ सेन्टर स्थापना गरी उनीहरुको क्षमता विकास लागिरहेको संस्था स्वास्थ्य सेवामा जोडिन पाउँदा खुसी लागेको बताए।




अस्पतालका कार्यकारी निर्देशक डा. भूपेन्द्र बस्नेतले वीर अस्पतालमा उपचार गर्न आउने अधिकांश विपन्न वर्गका जनता हुने भएकाले यस्ता उपकरणको सहयोगले उपचार सेवा थप प्रभावकारी हुने बताए।

उपकरणको अभावमा धेरै रोगीको ज्यान जाने गरेको दृष्टान्त दिँदै संस्थाका अध्यक्ष प्रमेश केसीले उपकरण उपलब्ध भएसँगै अस्पतालको सेवा थप प्रभावकारी हुने विस्वास व्यक्त गरे

विभिन्न संवेदनशील रोगको रक्त परीक्षणमा उपयोग हुने सो उपकरणको बजार मूल्य आठ लाख पर्ने बताइएको छ। उक्त उपकरण अष्ट्रेलिया रहेका नेपालीहरुको साझा संस्था अम्याजिङ प्यारेन्टसले उपलब्ध गराएको हो । सो संस्था बालबालिका बहुआयामिक विकासका क्षेत्रमा कार्यरत छ।

# लगातार ६ दिन विद्यालय बन्द



**भक्तपुर/मस-**सरकारले हरेक शुक्रबार ४ बजेसम्मनै पठनपाठन सञ्चालन गर्ने र बर्खे तथा हिउँदे बिदा घटाएर हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको छ । सरकारले आगामी जेठ १ गतेदेखि लागू हुने गरी शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । शिक्षा मन्त्रालयले यसलाई कार्यान्वयन गराउन शिक्षा विकास तथा समन्वय एकाइ सानोठिमीलाई परिपत्र गरेको छ।

शिक्षा मन्त्रालयले बुधबार सरकारी तथा निजी विद्यालयमा पनि हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो।

शुक्रबार ४ बजेसम्म नै पठनपाठन गर्ने तथा बर्खे र हिउँदे बिदा घटाएर हप्तामा दुई दिन बिदा दिने व्यवस्था मिलाउन शिक्षामन्त्रीस्तरीय निर्णय गरी बुधबार शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीलाई निर्देशन गरेपछि केन्द्रले ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइलाई परिपत्र गरेको हो।

केन्द्रले देशका ७७ वटा जिल्ला समन्वय एकाइ तथा देशभरका स्थानीय तह एवं विद्यालयलाई पनि हप्तामा दुई दिन सार्वजनिक बिदा कार्यान्वयन गर्न परिपत्र गरेको केन्द्रका निर्देशक रामचन्द्र शर्माले बताए।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेअनुसार पाठ घण्टा र कार्य घण्टामा नघट्ने गरी पठनपाठनका कार्य सञ्चालन गर्न आइतबार बिदा दिँदा अपुग भएका समय हिउँदे, वर्षे र अन्य बिदामा कटाइ पूर्ति गर्ने व्यवस्था गर्ने गरी वार्षिक क्यालेण्डर तयार पार्न स्थानीय सरकारलाई निर्देशन गरेको छ । यस अवधिमा हिउँदे तथा वर्षे बिदा ५० दिनलाई घटाएर ३० दिन बिदा एकैट पटक दिने वा पटक पटक गरी दिने भन्नेबारेमा स्थानीयले तहले क्यालेन्डर बनाउन सक्ने व्यवस्था गरिएको छ।

त्यसैगरि आसन्न निर्वाचनका लागि बिहीबारदेखि छ दिनसम्म विद्यालय बन्द हुने भएका छन् । निर्वाचनका लागि धेरैजसो सामुदायिक तथा निजी विद्यालयमा मतदान केन्द्र राखिएको, धेरै शिक्षक निर्वाचनमा खटाएको र शिक्षक तथा कक्षा १२ मा अध्ययनरत विद्यार्थी मतदानका लागि गाउँ फर्किने भएकाले आजदेखि अगामी जेठ २ गतेसम्मका लागि विद्यालय बन्द गरिने भएको हो।

# नइ प्रकाशनद्वारा पुरस्कार घोषणा

**काठमाडौं/मस-** नइ प्रकाशनले यस वर्ष पनि विभिन्न व्यक्तिलाई पुरस्कार प्रदान गर्ने भएको छ । प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको बैठकले पुरस्कारको घोषणा गरेको हो।

प्रकाशनले नेपालमा स्तरीय शिक्षा प्रणालीका लागि गुरुत्तर भूमिका निर्वाह गरी शिक्षासेवामा समर्पित शिक्षाविद् डा.सुरेशराज शर्मालाई २०७८ सालको 'नइ देरुनीख सुकीर्ति पुरस्कार' दिने निर्णय गरेको छ।

यस्तै, सनातन हिन्दूधर्म, संस्कृतिको सम्वर्द्धन, संरक्षण तथा जागरणका लागि क्रियाशील प्रा.डा माधव भट्टराईलाई 'नइ चन्द्रधन पुरस्कार' समर्पण गर्ने निर्णय पनि गरेको छ।

नेपालको स्वाभिमान, राष्ट्रिय अखण्डता र स्वतन्त्रता विषयक चिन्तन र प्रचारमा सदैव समर्पित भई मातृभूमिप्रति गरेको विशिष्ट योगदानका निम्ति वरिष्ठ पत्रकार भैरव रिसाललाई 'नइ कीर्तिनिधि पुरस्कार' समर्पण गरिने भएको



प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईले विज्ञप्ति जारी गरी जानकारी दिए।

यस्तै सामाजिक जागरण र जनचेतनाका लागि हास्यव्यङ्ग्यमार्फत देशदेशान्तरमा नेपाली भाषालाई जनप्रिय बनाउन उद्यत कलाकार सन्तोष पन्तलाई 'नइ भूपालदुर्गा पुरस्कार', नेपाली समालोचनाको परम्परालाई गतिशील, समृद्ध र उन्नत तुल्याउन योगदान गरेबापत प्रा डा दयाराम श्रेष्ठलाई 'नइ ईश्वर बराल पुरस्कार', स्वास्थ्य विज्ञानमा समर्पित रहँदै नेपालमा टेष्टट्युब चिकित्साको गुरुत्तर भूमिका, सफल प्रयोग र योगदानका लागि डा.भोला रिजाललाई 'नइ भावी पुरस्कार' र गीतिकविता लेखनका माध्यमबाट नेपाली भाषालाई जनप्रिय बनाई जनमन छुन सफल प्रेमविनोद नन्दनलाई 'नइ कोइलीदेवी पुरस्कार' समर्पण गरिने भएको छ।

मैथिली तथा नेपाली भाषासाहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याई नेपाली राष्ट्रिय एकताको सुदृढीकरणका निम्ति उल्लेखनीय भूमिका खेलेबापत डा.रामदयाल राकेशलाई भने 'नइ भाजप पुरस्कार' दिइने छ । आठै पुरस्कार ताम्रपत्रसहित जनही रु.एक लाख राशिको हुने जनाइएको छ।

# रगतको प्रयोगशाला परीक्षण शुल्क पालिकाले व्यहोर्ने

**वीरगञ्ज/मस-** पर्साको बिन्दवासिनी गाउँपालिकाका नागरिकलाई उपचारका क्रममा आवश्यक रगत लिँदा लाग्ने प्रयोगशाला परीक्षण शुल्क पालिकाले व्यहोर्ने भएको छ।

नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला शाखा र उक्त गाउँपालिकाबीच भएको सम्झौताअनुसार पालिकाले प्रयोगशाला परीक्षणवापत लाग्ने शुल्क नलिई रगत उपलब्ध गराउने भएको हो।

कुनै पनि बिरामीलाई अन्य व्यक्तिको रगत उपलब्ध गराउँदा व्यक्तिको स्वास्थ्यमा समस्या वा केही रोग छ वा छैन भनी व्यक्तिको रगतलाई प्रयोगशालामा परीक्षणपश्चात् मात्र बिरामीलाई उपलब्ध गराउने गरिन्छ । अब



परीक्षण शुल्क पालिकले व्यहोर्ने गरी रेडक्रस सोसाइटीसँग सम्झौता गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु शाहले जानकारी दिए।

विशेषगरी गाउँपालिकाका विपन्न एवं गरिब समुदायका बिरामीलाई सहुलियत मिलोस् भन्ने उद्देश्यले सो सम्झौता गरिएको उनले बताए।

यसअगाडि पालिकावासीलाई उपचारका क्रममा रगत आवश्यक परेमा रेडक्रसले परीक्षणवापत लाग्ने शुल्क लिएर मात्र रगत उपलब्ध गराउने गरेको थियो।

# आरोही लाक्पाको नयाँ रेकर्ड

**काठमाडौं/मस-**आरोही लाक्पा शेर्पाले १० औं पटक सगरमाथाको सफल आरोहण गरेकी छन् । यसअघि ९ पटक सगरमाथा चढेकी ४८ वर्षीया शेर्पाले बिहीबार बिहान पुनः सगरमाथा आरोहण गरेकी हुन्। यससँगै उनले सर्वाधिक सगरमाथा चढ्ने महिला आरोहीको रेकर्ड बनाएकी छन् । उनले यसअघिको आफ्नै रेकर्ड तोड्दै नयाँ रेकर्ड बनाएकी हुन्।

सन् २००० मा उनले पहिलोपटक सगरमाथा चढेकी थिइन्। यसअघि, १९९३ मा पासाङ लाहामु शेर्पाले पहिलो नेपाली महिलाका रुपमा सगरमाथा चढेकी थिइन्। ३ सन्तानकी आमा लाक्पाले यसअघि सुत्केरी भएको ८ महिनापछि र २ महिनाको गर्भवती हुँदासमेत सगरमाथा आरोहण गरेकी थिइन्।

**सगरमाथा र ल्होत्सेको फलतापूर्वक आरोहण**

'सफा हिमाल अभियान २०२२'



को टोलीले विश्वको सर्वोच्च शिखर सगरमाथा र ल्होत्से हिमालको सफलतापूर्वक आरोहण गरेको छ।

'सफा हिमाल अभियान २०२२' अन्तर्गत सगरमाथा, ल्होत्से, कञ्चनजंगा र मनास्लु हिमालहरुको सफाइ तथा मौसम पूर्वानुमानलाई मध्यनजर गरि नेपाली सेनाका सदस्यहरुले उक्त हिमालहरु बिहीबार बिहान सात बजेर ५२ मिनेटमा आरोहण गरेको हो।

नेपाली सेनाका सह-सेनानी गणेश कार्की र अमल्दार देवी प्रसाद न्यौपानेले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरेको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालय जंगी अड्डाले जनाएको छ। नेपाली सेनाका सह-सेनानी जितेन्द्र कार्की, सिपाही खिमलाल वली र सिपाही कविराम घर्तीले बिहीबार बिहान ६ बजेर ४ मिनेटमा ल्होत्से हिमालको सफलतापूर्वक आरोहण गरेको नेपाली सेनाले जनाएको छ।

# मतदाता परिचयपत्र खोसेर भाग्ने पक्राउ

**दोलखा/मस-** दोलखाको तामाकोशी गाउँपालिका-१ का निवर्तमान वडाध्यक्ष महेश्वर काफ्ले मतदाता परिचय पत्र खोसेको आरोपमा पक्राउ परेका छन्।

बुधबार वडा नम्बर १ को वडा कार्यालय भवनमा रहेको मतदान स्थलमा कर्मचारीको हातबाट मतपत्र खोसेर भागेका काफ्लेलाई प्रहरीले पक्राउ गरेको निर्वाचन आयोगका सूचना अधिकारी सूर्यप्रसाद अर्यालले जानकारी दिए।

उनका अनुसार काफ्लेले बुधवार मतदानस्थलमा खटिएका सहायक कर्मचारी हरिशरण भट्टराईको हातबाट १२५ वटा मतदाता परिचयपत्र खोसेर लगेका थिए।

बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा निर्वाचन आयोगका सूचना अधिकारी अर्यालले काफ्ले अहिले जिल्ला प्रहरी कार्यालय दोलखाको नियन्त्रणमा रहेको जानकारी दिए।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०१/३०**

यस कार्यालयमा मिति २०६७/०४/२० मा दर्ता भएको **प्रा.लि.नं. ७४७९० को ध्रुवतारा एडभर्टाइजिङ एण्ड मिडिया सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY






तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com

३० वैशाख २०७९, शुक्रबार
13 May 2022, Friday

सम्पादकीय

# मन पनि हो, मत

आज स्थानीय चुनाव हुँदैछ । केही स्थानमा निर्विरोध निर्वाचित भएको र अन्य केही कारणले स्थगित भए बाहेक मुलुकभर आज मतदान हुँदैछ । मतदानका लागि घर भन्दा टाढा रहेकाहरू फर्किएका छन् । सकसपूर्ण यात्रा पार गरेर मतदान केन्द्र नजिक आइपुगेकाहरूले आफ्नो मत प्रकट गर्नेछन् । चुनाव अगाडि देखिएका दृष्यहरूले यसपटकको चुनाव भिन्न परिवेश र मनोविज्ञानबीच हुँदैछ । यसअघिका चुनावहरूमा अनेक आशंका थिए । तर यसपटक आफ्ना प्रतिनिधि चयन गर्ने कौतुहलता मतदातामा र मुलुकमा जितहारको हिसाब बाहेक अतिरिक्त चिन्ता देखिन्न । जबकी मुलुकको सात दशक लामो चुनावी इतिहासमा चुनावका बेला अतिरिक्त चिन्ता र चासो हुने गरेको थियो । २००४ साल, २०१५ साल र त्यसपछिका चुनावहरू कहिल्यै भयरहित र शान्त हुन सकेन ।

०७२ को संविधानले मुलुकलाई नयाँ प्रशासनिक संरचनामा लग्यो । संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्वाचन ०७४ मा पहिलोपटक भयो । तर त्यसबेला पनि चुनावका सामुन्ने समस्या थिए । विभिन्न राजनीतिक शक्तिहरूको संविधान र चुनावप्रति नै बिमति थियो । त्यसअघि चुनाव बहिष्कार गर्नेदेखि मुलुकको परिस्थितिका कारण भयरहित बातावरण थिएन । तर यसपटक त्यस्तो कुनै चुनौती छैन । संविधान नमान्ने शक्ति लगभग शून्य बन्न पुगेको छ । मुलुककै एउटै चिन्ता छ– अशल जनप्रतिनिधि कसरी चुन्ने ? त्यही पेरिफेरीमा आज मतदान हुँदैछ । कसले जित्ने र कसले हार्ने भन्ने हिसाब आजको चासोको प्रमुख विषय हो ।

अर्थात् आज कयौं काम थाती राखेर मतदाताहरूले आफ्नो मत प्रकट गर्दैछन् । हामीले प्रयोग गर्ने भाषामा मतदान गर्ने भनिन्छ । तर यो मतको दान नभएर मन प्रकट हो । आफूलाई मनले खाएको उम्मेद्वारलाई आफ्नो अभिमत प्रकट गर्नु हो । तर राजनीतिक दलहरूले मतदाताबाट मत लिएपछि उनीहरूको मनको सम्मान नगर्ने प्रवृत्ति पुरानै हो । यसपटक पनि जनताको मतलाई सामान्य प्रक्रियाका रूपमा मात्रै लिएको आंशका देखिन्छ, यस्तो हुनु लोकतन्त्रको अपमान हो, जनताप्रति धोका हो । तसर्थ जे–जस्ता प्रतिबद्धता र बचन दिएर मत लिएका छन्, निर्वाचित भएपछि त्यसलाई इमान्दारिताका साथ कार्यान्वयनको हिम्मत हुनुपर्छ । मतदाताहरूले पनि आजको दिनलाई विशेष मान्नुपर्छ । आज दिएको निर्णय सच्याउन फेरि अर्को पाँच वर्ष कुर्नुपर्नेछ । तसर्थ मनले खाएका र अशल लागेका उम्मेद्वारलाई मतदान गरौं । स्थानीय चुनाव सफल पारौं ।

# नेपालमा भूमिसुधारको सवाल

*नेपालमा अहिले पनि आफ्नो आवश्यकताभन्दा धेरै भूमिमा स्वामित्व कायम राखेका भूस्वामीहरू बाक्लै रहेका छन् । ति भूस्वामी भूमिको प्रयोग कृषिका लागि गर्दैनन् । तर, बिडम्बना ठूलो समूदाय भूमि नपाएकै कारण कृषि कर्म गर्न चाहेर पनि गर्न सक्दैनन् ।*

अग्रलेख



● ज्योतिलाल बन

"अहिले भूस्वामित्वमा व्यापक खण्डिकरण भैसकेको छ । ठूलो आकारको भूमिमा स्वामित्व कायम भएका ठूला भूस्वामीहरू नेपालमा छैनन् । अवशेषका रूपमा सामन्तवाद रहेपनि समाजको मूल व्यवस्था र प्रवृत्तिमा पूँजीवादीकरण भैसकेको छ । अब भूमिसुधार गरेर भूमिको पुनर्वितरण गर्नुपर्ने आवश्यकता छैन । उत्पादन प्रविधिलाई वैज्ञानिकीकरण गरेर उत्पादनको वृद्धि गर्ने र कृषि श्रमिकलाई न्यायोचित पारिश्रमिक दिने अबको आवश्यकता यही नै हो ।"

आफूलाई निकै क्रान्तिकारी ठान्ने कतिपय कम्युनिष्ट नेताहरूले समेत यस्तो धारणा बनाउन पुगेको भेटियो । तर, यस्ता अधिकांश धारणामा सहमत हुन सकिने अवस्था छैन ।

## भूस्वामित्वको अवस्था

पंक्तिकार स्वयंले २०७४ साल जेष्ठदेखि २०७७ साल चैत्रसम्म पटक-पटक गरी एक हिमाली, केही पहाडी र तराईका गाउँबस्तीहरूमा स्थलगत नमुना अध्ययन गरेको छ । पंक्तिकारको अध्ययनको विषय दासत्वसँग सम्बन्धित बाँधा वा बाध्यकारी श्रम अवस्थाहरूबारे थियो । तर यिनको सम्बन्ध भूस्वामित्वसँग पनि रहेको हुँदा यी ठाउँहरूमा रहेका भूस्वामित्वको अवस्थाका बारेमा पनि सकेसम्म जानकारी लिने प्रयास गरियो । यो व्यापक र गहन अध्ययन थिएन ।



नेपालमा अहिले पनि आफ्नो आवश्यकताभन्दा धेरै भूमिमा स्वामित्व कायम राखेका भूस्वामीहरू बाक्लै रहेका छन् । यस्ता अधिकांश भूस्वामीहरूको स्वामित्वमा ५ देखि २५ हेक्टरसम्म भूमि कायम रहेको पाइन्छ । अझ कतिपयले त योभन्दा धेरै भूमिमा कब्जा जमाइरहेको पनि पाइन्छ । उदाहरणको रूपमा बारा जिल्ला गडहलका गम्भीरा साहका परिवारजनसँग अहिले पनि १४ सय बिगाह (लगभग १ हजार हेक्टर) भूमिमा स्वामित्व रहेको पाइएको छ । यो परिवार अपवाद हुन सक्छ । यति ठूला भूस्वामीहरू अन्यत्र नहुन सक्छन् तर, ५० देखि १०० हेक्टरसम्म भूमि ओगटेका भूस्वामीहरू भने फाटफुट रूपमा प्रत्येक जिल्लामा पाइन्छन् । तर यी बाठा भूस्वामीहरूले विभिन्न व्यक्ति विशेषको नाममा दर्ता गरेर पछिल्लो भूमिसुधारबाट निर्धारित क्षेत्रफलभन्दा बढी भूमि देखाएका छैनन् ।

अभिजात र सम्भ्रान्त तहका यस्ता भूस्वामीहरूमध्ये धेरैजसो अनुपस्थित छन् । यी आफ्नै देशभित्रका ठूला शहरी बस्तिहरूमा, त्यहाँका घडेरीयोग्य महँगा जग्गाहरू पनि आवश्यकताभन्दा धेरै लिएर, सुन्दर हवेलीहरू बनाएर सुविधा सम्पन्न जीवन बिताइरहेका छन् । यसरी शहर बसाइँ सर्दा यिनले आफ्नो गाउँको जग्गा बेचेर शहरी सुविधाका लागि उपयोग पनि गरेका छन् । अझ कतिपय त संसारका विकसित मुलुकहरूमा पुगेर त्यहीँ नै कुनै रोजगारी वा व्यवहायहरू गरेर पनि बसेका छन् । यस्ता ठूला भूस्वामीहरूमध्ये निकै थोरै मात्र आफ्नो खेतीयोग्य भूमि रहेको पुरानो थाथथलोमा बसोबास गरिरहेको पाइन्छ ।

यस्ता भूस्वामीहरू सामन्तहरूकै सन्तान हुन् । तर यी हिजोका सामन्तहरू जस्ता पूर्णरूपले कृषिनिर्भर छैनन् । यिनिहरूमध्ये कतिपय राजनीतिक नेता, मन्त्री, सांसद, विभिन्न संवैधानिक निकायका पदाधिकारी, कर्मचारी, व्यापारी र व्यवसायी, ठेकदार, प्राज्ञ आदि रहेका छन् । यस्ताहरूमध्ये अधिकांशले विभिन्न पेशा व्यवसायबाट वैध वा अवैध रूपमा मनग्य धनसम्पत्ति सोहोरेर थुपारेका छन् । यिनलाई आफ्नो भूमिबाट आउने आयस्तासँग खासै सरोकार छैन । यिनले आफ्नो स्वामित्वको अधिकांश भूमि स्थानीय किसान वा कृषिजन्य व्यवसायीहरूलाई बटैया वा ठेक्कामा दिएका छन् भने अझ कतिपयले त त्यत्तिकै बाँझै छाडेका पनि छन् ।

> *एकातिर आवश्यकताभन्दा धेरै भूमि हुने र भूमिको उपयोग नगर्ने वर्ग छ भने अर्कोतिर भूमि नभएकै कारण चाहेर पनि कृषि कर्म गर्न नपाउने वर्ग छ । सरकारले यो असन्तुलनको सम्बोधन गर्नैपर्छ । भूमि नहुनेलाई भूमि उपलब्ध गराउने र हदभन्दा बढी हुने तर, उपयोग नगर्नेमाथि उचित नीति अख्तियार गर्नुको विकल्प छैन ।*

## भूमिहीन कृषि श्रमिक र गरिब किसानहरू

खस-ब्राह्मण मध्येमा पनि कतिपय भूमिहीन र गरिब किसान (आफ्नो स्वामित्वको जग्गाबाट बढिमा ३ महिना खान पुग्ने) नरहेका हैनन् तर, दलित (बढी तराईका) तथा आदिवासी-जनजातिअन्तर्गतका जनताहरू धेरैजसो भूमिहीन र गरिब किसानको अवस्थामा रहेका छन् । कृषि उत्पादनको क्षेत्रमा पहाडका भीरपाखा बाहेकका जग्गामा कृषि उपकरणको प्रयोग बढेकाले मानवश्रमको आवश्यकता कम भएको छ । त्यसैले हिजो कृषिमा आधारित श्रममा निर्भर कृषिश्रमिकहरू रोजगारीका लागि अन्य विभिन्न श्रम क्षेत्रमा संलग्न हुन पुगेका छन् । कतिपय भारतमा जोखिमयुक्त श्रम क्षेत्रहरूमा संलग्न भएका छन् भने कतिपय ऋण काडेर भएपनि मध्यपूर्वका मुलुकहरू र मलेसियामा समेत रोजगारी गर्न पुगेका छन् ।

आफ्नो भूमि नै नहुनु, निकै कम मात्र भूमि हुनु, बेरोजगारीको समस्या, श्रमशोषण र ठगीमा पर्नु, शिक्षा र चेतनाको अभाव, कतिपय गलत आनिबानी र राज्यबाट उपलब्ध हुनुपर्ने आधारभूत सुविधा (सडक, बिजुली, खाने पानी, स्वास्थ्य सेवा, शिक्षा आदी) आवश्यक रूपमा उपलब्ध हुन नसकेका कारण यस्ता श्रमिकहरूको परिवारजनको अवस्था निकै अभावग्रस्त र कष्टकर बन्न पुगेको पाइन्छ ।

अध्ययनबाट वास्तविक संख्या किटान गर्न सकिएको छैन । तर गर्न भ्याएको अध्ययनको आधारमा भन्दा यस्तो अवस्थामा रहेका भूमिहीन र गरिब किसानहरू कुल जनसंख्याको लगभग ४० प्रतिशतसम्म रहेको अनुमान गर्न सकिन्छ ।

## कसरी गर्ने भूमिसुधार ?

१) गहन र सुक्ष्म अध्ययन गरी वर्तमान भूस्वामित्वको अवस्थाका बारेमा सत्य तथ्य आँकडा निक्यौल गर्ने ।

२) कृषियोग्य भूमिमा बटैया (अधिया) दिएर पनि खान पुग्नेसम्म र शहरी क्षेत्रका घडेरी योग्य जमिनमा प्रति परिवार बढीमा ५०० वर्ग मिटरसम्मको हद तोक्ने । सोभन्दा बढी जग्गा सरकारले अधिग्रहण गर्ने । अन्य पेशा-व्यवसायबाट मनग्गे आमदानी गरिरहेका भूस्वामीलाई मुवाब्जा नदिने ।

३) यसरी अधिग्रहण गरी आएको र अन्य ऐलानी, सार्वजनिक, सरकारी, गाउँब्लक, गुठी आदि जस्ता खेतीयोग्य भूमि भूमिहीन र गरिब किसानमा आफैले राम्ररी खेती गर्दा वर्षभरी खान पुग्नेसम्मको हदमा निःशुल्क तर, बेचबिखन गर्न नपाउने शर्तमा वितरण गर्ने । शहरी क्षेत्रमा अधिकरणबाट आएको जग्गा वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीमा न्यायोचित किसिमले निःशुल्क तर, बेचबिखन गर्न नपाउने शर्तमा वितरण गर्ने ।
यसरी भूमिहीन र गरिब किसानहरूलाई आफ्नो भूमिको उत्पादनबाट सहज जिविका चलाउन सक्ने स्वाभिमानी कृषकमा विकास गर्ने । कतिपय आफुलाई क्रान्तिकारी ठान्ने 'कम्युनिष्ट' हरूले भनेजस्तो भूस्वामीहरूको 'कामदार' नबनाउने ।

४) सरकारको उच्च ओहदामा रहेका, ठूला राजनीतिक नेता बनेका, तथा अन्य विभिन्न पेशा व्यवसायको आवरणभित्र भ्रष्टाचारलगायत अनेकौ आर्थिक अनियमितता र चलखेल गरेकाहरूको सम्पत्ति जाँचबुझ गरी अस्वभाविकरूपमा संचित गरिएको सम्पत्ति सरकारले जफत गर्नुका साथै त्यस्तो व्यक्तिलाई आवश्यक कानूनी कारबाही गर्ने ।

५) यसरी जफत गरिएको सम्पति विपन्न जनताको उत्थानका लागि सदुपयोग गर्ने ।

६) कृषि, पशुपक्षी, वन र उद्योग मन्त्रालयअन्तर्गतका निकायहरूलाई विस्तार गर्नुका साथै ति निकायअन्तर्गका जनशक्तिको दक्षताको विकास गराई तिनको प्राविधिक सहयोगबाट व्यवसायमूलक आधुनिक कृषि (फलफुल, तरकारी, जडीबुटी आदि), पशु-पक्षिपालन र तत्सम्बन्धी उद्योगको विकास गर्ने । साथै खनिज, बनस्पतिलगायतका प्राकृतिक सम्पदाको सम्भाव्यता अध्ययन गरी उपलब्धताको आधारमा उत्खनन र संकलन गरी सम्बन्धित उद्योग व्यवसाय संचालन गर्ने । बनस्पतिजन्य सम्पदाको विकास र विस्तारमा जोड दिने ।

७) यस्ता भू-आधारित उद्योग-व्यवसायको विकास गरी स्वदेश भित्रै व्यापक रोजगारीको वृद्धि गर्ने ।

## सामाजिक सञ्जाल



- गोविन्दकुमार थापा

ठूला भनिएका दलहरूले संघीयता खारेजीको घोषणा गर्न जति ढिलो गर्छन् उति साख र साथ घटदै जान्छ । टाट पल्टदै गरेको देशलाई बचाउन विकल्प छैन भन्ने थाहा भएर पनि त्यो यक्ष सवालको निर्णय लिन उनिहरू चाहँदैनन् । यसले प्रष्ट छ देशले ठूलो मूल्य चुकाउनु पर्छ ।



- सुरज गुरुङ

काठमाडौं महानगरको समृद्धि निर्वाचित हुन् गइरहेका उम्मेदवारहरूको हातमा छ भने कस्तालाई निर्वाचित गराउने त्यो चाहिँ काठमाडौंवासीहरूको हातमा छ । तपाईंको मत तपाईंको आवाज हो । तपाईंको आवाज नै तपाईंको शक्ति हो । चिल्ला कुरा र ठुला सपनामा नअल्झिनुस्, आफ्नो नगर आफै बनाउनुस् ।



- निर्मल प्रसाईं

शिक्षक सेवा आयोगले लिएको परिक्षामा ८७ प्रतिशत अनुत्तीर्ण, नमुना मतदानमा ७७ प्रतिशत मत बदर ! शैक्षिक पद्धति तत्काल परिवर्तन नगरे सुगाको देश हुने भयो नेपाल, उपलब्धि विहिन रटाई मात्रै !



- सुर्यराज आचार्य

इमान बिनाको शक्ति, भिजन बिनाको सत्तामोह, बिद्वता बिनाको बौद्धिकता, उत्पादकत्व बिनाको मुनाफा, क्षमता/सीप बिनाको प्रमाणपत्र, यस्तै कुरा हाबी हुँदा समाज/राष्ट्र ओरालो यात्रामा लाग्छ । नेपालमा देखिँदै गरेको परिदृश्य यहि हो कि ?



- नारायण वाग्ले

ठूला नेतालाई ठूलो सोफा, सानो नेतालाई पिर्का अनि कार्यकर्तालाई भुइँ । राजनीतिक स्वतन्त्रता आयो, मानसिक स्वतन्त्रता आउन दलहरूभित्रको दासता तोड्नुपर्छ !

# राजापाक्षे र नेपाली बुद्धिजीवि वर्ग

विचार



● जयप्रकाश गुप्ता

नेपाली सम्भ्रान्त तथा बहुसंख्यक बुद्धिजीविहरूको चरित्र आधारभूत रूपमा पाखण्डी वा साखुल्ले प्रकारको रहेको देखिन्छ । यस समुदायको कुनै पनि घटना वा परिस्थितिका बारेमा समान प्रकारका दृष्टिकोण वा समझ भएको देखिँदैन । अमेरिकी राष्ट्रपति चुनावमा डोनाल्ड ट्रम्प विजयी हुदाँ त्यस्ता बुद्धिजिविहरुको नजरमा घोर दक्षिणपन्थी हुन्छन् तर, जब ट्रम्पले "अमेरिका अम्रिकीको मात्र हो" भन्न थाले तब ट्रम्प यस वर्गका प्रीय भए । त्यसबेला यस वर्गले नेपालमा राजा महेन्द्रले गाढेको 'नेपाली मात्रको' शब्दसँग 'अमेरिका अम्रिकीको मात्र'मा समदृश्यता देख्दछ ।

श्रीलंकामा प्रधानमन्त्री महेन्द्रा राजपाक्षेको पतन पछि नेपाली सम्भ्रान्तहरूको टिप्पणीहरू पढ्दा यस्तै लागेको छ । यहाँ अचानक राजपाक्षे शासनको पतनमा खुशीयाली देखिएको छ । विशेषतः यस्ता खुशीयाली प्रकट गर्नेहरूमा नेपालमा एकात्मवादी खस राज्य प्रणालीको सदैव सिदृढीकरण चाहने वर्ग देखिन्छ । नेपालका यी राजपाक्षे सहगोत्रीहरू केही वर्ष अघि राजपाक्षे विचारका उद्भट प्रशंसक थिए ।

केही वर्ष अघि मात्रै बौद्धहरूको भावनात्मक सहयोगमा राजपाक्षेले श्रीलंकामा तामिलहरूको संहार गरेका थिए । ठूलो सैनिक परिचालन गरेर तामिल इलमको मागलाई ध्वस्त पारिदिएका थिए । सोही समय नेपालमा पनि मधेसी र थोरै आदिवासी-जनजातिहरूको अधिकारवादी आन्दोलन उठेको थियो । अतिवादी नेपालीहरू महेन्द्रा राजपाक्षेका झैँ मधेसीहरूलाई तामिलहरूका झैँ सोत्तर पार्नुपर्छ भन्ने चाहना राखेका थिए । त्यस्ता प्रवृत्तिका समूहले सत्ता बस्नेलाई उक्साईरहेका थिए । उपेन्द्र यादवले नेपाली टोपी नलाउने गरेको बेला त्यस्तो अभियान चलेको थियो । मातृका यादवले पनि काठमाडौंका भित्ताहरूमा "गर्वका साथ बोलौ, धरतीपुत्र हौं हामी भगौडा होइनौ" भनी लेखेको बेला थियो । यस बेला नेपालका बहुसंख्यक खस-आर्य सत्ताका पक्षपातीहरूका नजरमा राजपाक्षे हिरो भए । यसरी नेपालका एकात्मराज्यवादीहरूका वर्गले राजपाक्षेको प्रशंसा गरे ।

संयुक्त राष्ट्र संघका मानव अधिकार आयोगले र स्वतन्त्र विश्व जनमतले भने महेन्द्रा राजपाक्षेबाट श्रीलंकामा मानवीयता विरूद्धको अपराध भएको मूल्यांकन गरेको थियो । मानव अधिकारको गम्भीर उल्लंघनको जेनेभामा भएको मतदानमा नेपालले श्रीलंकाको पक्षमा प्रस्तावको विरूद्धमा भोट हाल्यो । भारतले पनि राजपाक्षे सत्ताकै पक्षमा मतदान गरेको थियो । यद्यपि, नेपालले राजपाक्षे सत्ताको पक्षमा गरेको मतदानको एउटा मजेदार पक्ष छ । तामिलहरूको नरसंहार गरिएको विषयलाई मानवीयता विरूद्धको अपराध भनी भएको मतदानमा नेपालबाट मधेसका मसीहा कहलिएका उपेन्द्र यादव स्वयम् परराष्ट्र मन्त्रीको रूपमा सगभागी थिए । र, नेपालमा प्रम थिए प्रचण्ड । जो मुलुकमा जातीय मुक्तिका सवाललाई जनयुद्धसँग जोडेका थिए । यी दुई जनाको

> *संयुक्त राष्ट्र संघको मानव अधिकार आयोगले र स्वतन्त्र विश्व जनमतले महेन्द्रा राजपाक्षेबाट श्रीलंकामा मानवीयता विरूद्धको अपराध भएको मूल्यांकन गरेको थियो । मानव अधिकारको गम्भीर उल्लंघनको जेनेभामा भएको मतदानमा नेपालले भने राजापाक्षेको पक्षमा भोट हाल्यो । नेपाल विश्वमञ्चमा जातीय वा क्षेत्रीय मुक्तिका लागि गरिएको संघर्षका पीडित पक्ष तामिलहरूको विपक्षमा उभियो । नेपालका एकात्मवादी राज्य व्यवस्थाका पृष्ठपोषण गर्ने समाज वा वर्गले कहिल्यै राजपाक्षेको ठिक मूल्यांकन गरेन ।*



निर्णयले नेपाल विश्वमञ्चमा जातीय वा क्षेत्रीय मुक्तिका लागि गरिएको संघर्षका पीडित पक्ष तामिलहरूको विपक्षमा उभियो ।

नेपालका एकात्मवादी राज्य व्यवस्थाका पृष्ठपोषण गर्ने समाज वा वर्गले कहिल्यै राजपाक्षेको ठिक मूल्यांकन गरेन । नेपालका यही वर्ग र समुदायले अहिले राजपाक्षेलाई सत्ता दुरूपयोग गरिदाँ हुने परिणामको उदाहरण बनाएको छ । वास्तवमा यो नै पाखण्डी स्वभाव वा चरित्र हो । यहाँ वास्तविकतालाई लुकाउने प्रयास गरिएको छ । अर्कोतर्फ मानिसहरुलाई भ्रमित पनि पारिएको छ ।

# श्रीलंकाको नयाँ प्रधानमन्त्रीमा बिक्रामसिंघे नियुक्त



**काठमाडौं/एजेन्सी-** श्रीलंकाको नयाँ प्रधानमन्त्रीमा रणिल बिक्रमासिंघे नियुक्त भएका छन् । प्रधानमन्त्री महिन्दा राजापाक्षले सोमबार राजीनामा दिएपछि तत्कालै राजीनामा स्वीकृत गरेका राष्ट्रपति गोताबाय राजापाक्षले सांसदहरूसँग परामर्श गरी सर्वस्वीकार्य व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गरेको बताएका छन् । बिक्रमासिंघे यसभन्दा अघि पाँचपटक प्रधानमन्त्री भैसकेका छन् ।

नयाँ प्रधानमन्त्री रणिल बिक्रमासिंघेलाई पूर्वप्रधानमन्त्री महिन्दा राजापाक्षले बधाई दिएका छन् । श्रीलंकामा राष्ट्रपति र प्रधानमन्त्रीको राजीनामा माग्दै लामो समयदेखि भइरहेको प्रदर्शन सोमबारदेखि हिंसात्मक बनेको छ । त्यहाँ राष्ट्रपतिले आफ्नो कार्यकारी अधिकार समेत त्यागेर स्थिरताको प्रयास गरिरहेका छन् ।

आर्थिक संकटको सामना गरिरहेको श्रीलङ्काले देशैभरि सुरक्षा बलहरूलाई परिचालन गरेको छ । उनीहरूलाई सरकारविरोधी प्रदर्शनका क्रममा लुटपाट गर्नेहरूलाई गोली हान्नसक्ने अधिकार समेत दिइएको छ । गत महिनादेखि व्यापक विरोध प्रदर्शन शुरु भएपछिको पहिलो राष्ट्रिय सम्बोधनमा त्यहाँका राष्ट्रपति राष्ट्रपति राजपक्षले शान्ति-सुव्यवस्था पुनर्स्थापित गर्ने वाचा गरेका छन् ।

उनले राजीनामाको मागलाई बेवास्ता गर्दै संसद्लाई केही थप अधिकार दिने र नयाँ प्रधानमन्त्री नियुक्त गर्ने प्रस्ताव गरेका छन् । तर त्यसका लागि कुनै समयसीमा तोकेका छैनन् । मूल्यवृद्धि र उपभोग्य वस्तुको अभावले उत्पन्न गरेको आक्रोशबीच उनका दाइ महिन्दा राजपक्षले सोमवार प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए ।

खाद्यान्न र इन्धन जस्ता आधारभूत उपभोग्य वस्तुहरू सकिएर वा किन्न नसकिने भएपछि श्रीलंकाका नागरिकहरू हताश बनेका छन् । 'कफ्र्यू हुँदाहुँदै पनि हामी विरोधस्थलमा आइपुगेका छौं,' एकजना प्रदर्शनकारीले भने, 'अहिले पनि हामी पीडामा छौं । मट्टितेल छैन, पेट्रोल छैन, डिजेल छैन, बिजुली छैन ।'

राष्ट्रव्यापी कफ्र्यूबीच भीडले लगातार दोस्रो रात पनि आगजनी र आक्रमणहरू गरेका छन् । धेरैले राजपक्ष र अन्य राजनीतिज्ञका सम्पत्तिलाई निशानामा पारेका छन् । उनीहरूले देशमा देखिएको संकटका लागि जनताले दोषी ठान्छन् । कोलम्बो नजिकैका पसलहरू र पूर्व प्रधानमन्त्री महिन्दा राजपक्षका छोराको स्वामित्वमा रहेको रिसोर्टमा आगजनी भएको छ ।

राष्ट्रपतिका दाइ तथा दुईपटक राष्ट्रपति बनिसकेका महिन्दा राजपक्षलाई उनको सुरक्षाको लागि पूर्वोत्तर श्रीलंकाको एउटा नौसेना आधार शिविरमा राखिएको सेनाले पुष्टि गरेको छ । सोमवारदेखि जारी हिंसामा कम्तीमा ९ जनाको मृत्यु भएको छ भने करिब २०० जना घाइते भएका छन् ।

गोटाबय राजपक्षको राजीनामा माग गरिरहेका प्रदर्शनकारीमाथि सरकार समर्थकहरूले आक्रमण गरेपछि त्यहाँ हिंसा भएको थियो । विपक्षी राजनीतिज्ञहरूले सेनालाई सत्तामा कब्जा गर्ने बहानाका निम्ति हिंसाको मञ्चन हुन सक्ने चेतावनी दिएका छन् ।

सडकमा सशस्त्र सवारीसाधनसहित ठूलो संख्यामा सेनाको उपस्थितिले सम्भावित सैन्य विद्रोहको हल्ला फैलिएको छ । तर सेनाले त्यस्तो कुनै पनि कदम चाल्ने योजना नभएको भन्दै उक्त आरोपलाई अस्वीकार गरेको छ ।

रक्षा सचिव कमल गुणरत्नेले पत्रकार सम्मेलनमा भने, 'जब देशमा खतरनाक अवस्था आउँछ, त्यसको सामना गर्न सेनालाई अधिकार दिइन्छ । हामी सत्ता कब्जा गर्न खोजिरहेका छौं भनेर कहिल्यै नसोच्नुहोस् । सेनाको त्यस्तो कुनै नियत छैन ।'

श्रीलंकाले आफ्नो दयनीय आर्थिक अवस्थाको विरोधमा हप्तौंको विरोधको सामना गरिरहेको थियो । त्यसै क्रममा कोलम्बोको उत्तरी क्षेत्रमा दुई प्रतिद्वन्द्वी समूहले पसलहरूमा आगो लगाएपछि त्यहाँ थप हिंसा भड्किएको थियो ।

# उत्तर कोरियामा पहिलो आधिकारिक कोभिड पुष्टि, देशव्यापी लकडाउन



**काठमाडौं/एजेन्सी-** उत्तर कोरियामा कोरोना भाइरस संक्रमणको पाहिलो पल्ट आधिकारिक पुष्टि गरेको छ । उत्तर कोरियामा कोरोना भाइरस संक्रमण पुष्टि पछि देश भर कडा लकडाउनको घोषणा भएको छ ।

उत्तर कोरियाको सरकारी सञ्चार माध्यमका अनुसार, देशको राजनधानी प्योगयाङमा कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट पत्ता लागेको छ । यद्यपी अहिलेसम्म कति मासिनलाई भाइरस संक्रमण भएको छ भन्ने बारेमा केही पनि जानकारी आएको छैन ।

एक सञ्चार माध्यमका अनुसार यो ठूलो आपतकालिन स्थिति हो, यसले देशलाई कारेन्टिन नियम काफी नभएको प्रमाणित गरिदियो । देशका नेता किम जोङ उन स्वास्थ्य अधिकारीहरुसँग आपतकालिन छलफलमा जुटेका छन् ।

उत्तर कोरियामा यो भन्दा अगाडि पनि कोरोना भाइरस संक्रमितहरु रहेको भएपनि त्यो आधिकारिक पुष्टि भएको थिएन । अहिले पनि ओमिक्रोनको महामारी भएको खबर सार्वजनिक भइरहेको छ । उत्तर कोरियाले आफ्नो देशमा कोरोना भाइरसको खोप कार्यक्रम चलाएको छैन । उत्तर कोरियाले चीन र रुसले गरेको खोपको प्रस्ताव पनि अस्विकार गरेको थियो ।

विश्वभर कोरोना भइरसको महामारी शुरु हुँदा उत्तर कोरियाले आफ्नो देशको सिमानाका बन्द गरेको थियो । त्यसपछि उत्तर कोरियामा चरम आर्थिक संकट परेको थियो । सीमा नाका बन्द भएपछि कोरियामा खाद्यान्न ढुवानी ठप्प भएको थियो ।

# संयुक्त राष्ट्रसंघका महासचिवद्वारा खाद्य सुरक्षाका लागि आह्वान

**काठमाडौं/एजेन्सी-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले विश्व द्याद्य सुरक्षाका लागि केही पहल गर्नुपर्ने बताएका छन् । उनले केही वर्षयतादेखि नै विश्वमा खाद्य सुरक्षाका लागि पहल गर्नुपर्ने अवस्था देखिँदै आएको बताउँदै तर युक्रेन र रुसको द्वन्द्वका कारण पछिल्ला दिनमा यसको समस्या झन् बढी देखिएको बताएका छन् ।

विश्वमा दिन प्रतिदिन खाद्य संकट बढ्दै गएको भन्दै यसका लागि केही गर्नुपर्ने उनले बताएका छन् । विश्वमा देशहरुलाई खाद्यान्नको सुरक्षाका लागि पनि विशेष खालका कार्यक्रमहरु लक्षित गर्न आग्रह गरेका हुन् । उनले अहिले विश्वमा खाद्य असुरक्षा बढ्दै गएको र त्यस्तै अवस्था आफूले हालै गरेको युक्रेन र रुसको भ्रमणका क्रममा पनि देखिएको भन्दै यसका लागि केही गर्नुपर्नेमा उनले सबैलाई आग्रह गरेका हुन् ।

# भारतमा थपिए दुई हजार ८ सय बढी संक्रमित



**काठमाडौं/एजेन्सी-** भारतमा २४ घण्टाको समयावधी अर्थात बुधबार मधयरातिसम्म दुई हजार ८२७ व्यक्ति कोरोनाका थप संक्रमति भएपछि यहाँ कूल संक्रमतिको संख्या चार करोड ३१ लाख तेह्र हजार ४१३ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बिहीबार बिहान जानकारी दिएको छ ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस संक्रमण पुनः केही दिनयता बढ्दै नयाँ संक्रमितको संख्या तीन हजार नाघेको थियो । यद्यपि गत मंगलबार र बुधबार भने केही कमी देखिएको हो । २४ घण्टाको समयावधी भएका यी नयाँ संक्रमितमध्ये ९७० राष्ट्रिय राजधानी दिल्लीका रहेका समाचारमा जनाइएको छ । हाल राजधानीमा पाँच हजार २०२ जना सक्रिय संक्रमित रहेका पनि थप जानकारी दिइएको छ ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप २४ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या पाँच लाख २४ हजार १८१ पुगेको छ । भारतभरी अझै पनि सक्रिय संक्रमित १९ हजार ६७ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ ।

भारतमा केही महिनायताबाट सक्रिय संक्रमित घट्ने क्रम जारी रहेको थियो । तर केही हप्तायताबाट सक्रिय संक्रमति बढेको पाइएको छ । चौविस घण्टाको समयावधी अर्थात बुधबार मध्यरातिसम्म तीन हजार २३० कोरोना निको भएका छन् । यसैसँगै हालसम्म चार करोड २५ लाख ७० हजार १६५ सफलतापूर्वक कोरोना संक्रमण निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन् ।

# फिलिपिन्सका नवनिर्वाचित राष्ट्रपति मार्कोसलाई अमेरिका र चीनको बधाई

**काठमाडौं/एजेन्सी-** फिलिपिन्सको राष्ट्रपतिमा विजयी भएका फर्डिनान्ड मार्कोस जुनियरलाई अमेरिका र चीनका नेताहरूले बाधाई दिएका छन् । बिहीबार ह्वाइट हाउसले एक विज्ञप्ति जारी गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले मार्कोस जुनियरलाई फोनमा बधाई दिएको बताएको छ ।

बाइडेनले नवनिर्वाचित राष्ट्रपतिलाई लामो समयदेखिको सुमधुर सम्बन्धलाई अझै सुदृढ गर्दै उनीसँग काम गर्न तयार रहेको उल्लेख गरिएको छ । उनले कोभिड-१९ को महामारी, जलवायु संकट, आर्थिक वृद्धि, मानव अधिकारको सम्मान लगायतका विभिन्न मुद्दाहरुमा दुई पक्षीय सहयोग विस्तार गर्न चाहेको बताएका छन् ।

यस्तै चिनियाँ राष्ट्रपति सी जिनपिङले बुधबार मार्कोस जुनियरसँग कुरा गरेको चिनियाँ सरकारी टेलिभिजनले जनाएको छ । सरकारी टेलिभिजनका अनुसार चिनियाँ सीले चीन-फिलिपिन्स सम्बन्धको विकासलाई ठूलो महत्व दिने बताएका छन् ।

निर्वाचित राष्ट्रपति मार्कोससँग राम्रो सम्बन्ध स्थापना गर्न गर्दै असल छिमेकी र मित्रतालाई उदाहरणको रुपमा स्थापना गर्न इच्छुक रहेको बताएका छन् । मार्कोस राष्ट्रपतिमा निर्वाचित भएसँगै एक पटक फेरि फिलिपिन्सको सत्ता विवादित राजनीतिक परिवारको हातमा पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

नवनिर्वाचित राष्ट्रपति मार्कोस फिलिपिन्सका तानाशाह पूर्वराष्ट्रपति फर्निनान्ड मार्कोसका छोरा हुन् । ६४ वर्षीय मार्कोस जुनियर फिलिपिन्समा बोङबोङ नामबाट समेत परिचित छन् । उनले आफ्ना प्रतिस्पर्धी लेनी रोब्रेर्डोलाई पराजित गर्दै फिलिपिन्सको सत्ता आफ्नो हात पारेका हुन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: EXCELLENCE FIT OUT — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/११/०४ — चलानी नं.: ६०१७४६११ — पुन: विज्ञापन — LT. No.: 258011

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | carpenter | 7 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |
| 3. | Painter | 1 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |
| 4. | welder | 4 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |

२. कम्पनी: AL NASR STAR SECURITY SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ — चलानी नं.: ६०१६९४२३ — पुन: विज्ञापन — LT. No.: 252567

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 66 | 8 | स. काममा दक्ष | 1500 | ५०,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ जेष्ठ ६ गते (20 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर जनकपुर, धनुसामा २०७९ जेष्ठ ७ गते (21 May 2022) मा हुनेछ ।

३. कम्पनी: ARBIAN COMPANY FOR YOGURT PRODUCTION (GHADER) — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०६/२५ — चलानी नं.: ६०१६५३२४ — पुन: विज्ञापन — LT. No.: 246516

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Business Excecutive | 2 | 0 | | 2500 | ८४,४०० | | | | | | | |
| 3. | Gen Bleach Worker | 24 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |
| 4. | Plumber | 6 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |
| 5. | Mason | 15 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |
| 6. | Electric | 10 | 0 | | 1100 | ३७,१३६ | | | | | | | |
| 7. | Driver | 3 | 0 | | 1900 | ६४,१४४ | | | | | | | |

अन्तर्वार्ता रेड कार्पेट होटल भरतपुर, चितवनमा २०७९ जेष्ठ ८ गते (22 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता इस्टन प्यालेस होटल इटहरी, सुनसरीमा २०७९ जेष्ठ ८ गते (22 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ जेष्ठ ९ गते (23 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
9801023474, Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com



## OMAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ZULADNAI MODERN DISTINGUISHED PROJECTS — शहर: MUSCAT
पूर्व स्वीकृत मिति: २०७९/०१/२९ — चलानी नं.: ६०१७९११५ — LT. No.: 262945

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 140 | ४५,०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ६ गते (20 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com



## ओमनमा रोजगार | कम्पनी: ENERGY DISTINCTIVE TOWER

शहर: Oman
पूर्व स्वीकृत मिति: २०७९/०१/२९ — चलानी नं.: ६०१७९११३ — L.T. No.: 262925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Public Building(Female) | 0 | 2 | स. काममा दक्ष | 110 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ ६ गते (20 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ८३४/०६६/०६७
बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ४९५५४२२, ४४९६०५२



## INTERSCAFF SAFETY

International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services
NOTE: We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com



## Kuwait मा रोजगार — Rowad Al Ebdae Co For Decoration Materials.

पूर्व स्वीकृती मिति: २०७९/०१/२९ — चलानी नं. ६०१७९१११ — LT.No. 262610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Indoor | 40 | 00 | [illegible] | 90 | ३६,३३७/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Labour Indoor | 50 | 00 | | 90 | ३६,३३७/- | | | | | | | |

अन्तरवार्ता २०७९ जेठ ६ गते (20 May, 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Samakhushi, Kathmandu, Tel : 01-4380875, 9851048235, 9851042984

# बक्स अफिस समाचार

## मास्टरसेफ सन्तोष साहमाथि फिल्म बन्ने


**काठमाडौं/मस-** नेपालका मास्टरशेफ सन्तोष शाहमाथि फिल्म निर्माण हुने भएको छ । 'बीबीसी मास्टरसेफ प्रोफेसनल्स २०२१'को उपविजेता बनेपछि चर्चामा आएका उनको जीवनमाथि निर्देशक दीपक रौनियारले फिल्म बनाउन लागेका हुन् । अहिले उनले सन्तोषसँग उनको बाल्यकालदेखि शेफ हुँदासम्मको यात्राबारे संवाद गरिरहेका छन् ।

रौनियारले फिल्म निर्माण हुने निश्चित भएपनि छायांकन केही समय पछाडि मात्र सुरु हुने जानकारी दिएका छन् । शाहले जीवनमा गरेको संघर्ष र हासिल गरेको सफलता धेरैका लागि प्रेरणादायक हुने भएकाले फिल्म बनाउन लागेको उनले बताए । मास्टरशेफ शाहसँगको संवाद सकिएपछि स्क्रिप्ट लेखनको काम थाल्ने दीपकको तयारी छ । अहिले सन्तोष घुमफिरका लागि नेपालमा छन् ।




१५ वर्षको उमेरमा भारतको गुजरातमा काम गर्न गएका सन्तोषले त्यहाँ विभिन्न होटेलहरुमा १० वर्ष भाँडा माझ्ने काम गरेका थिए । त्यसपछि सन् २०१० को अन्त्यमा बेलायत हानिएका उनी अहिले सिनामोन ग्रुपमा हेड सेफको रुपमा कार्यरत छन् । नेपाली परिकारलाई विश्वमाझ चिनाउने अभियानमा रहेका मास्टरशेफ शाहलाई नेपाल सरकारले पर्यटन दूतमा समेत नियुक्त गरेको छ ।

निर्देशक दीपक रौनियारले आफ्नो पाइपलाइनमा रहेको फिल्म 'द स्काइ इज माइन'को छायांकन पूरा गरेपछि सन्तोष शाहको जीवनीमा फिल्म बनाउनेछन् । रौनियारले यसअघि फिल्म 'सेतो सूर्य'को निर्देशन गरेका थिए । 'द स्काइ इज माइन'मा भारतकी अभिनेत्री तनिष्ठा चटर्जीको मुख्य भूमिका रहनेछ भने आशा मगराती र दयाहाङ राईले पनि मुख्य भूमिकामा अभिनय गर्नेछन् ।



## मताधिकारको सही प्रयोग गर्नुहोला : केकी

**काठमाडौं/मस-** अभिनेत्री केकी अधिकारी एक टेलिभिजन रियालिटी शोको कार्यक्रममा भाग लिन अहिले अमेरिकामा छिन् । विवाह गरेको एक सातामै उनी अर्की अभिनेत्री रीमा विश्वकर्मासँगै न्युयोर्क उडेकी हुन् ।

स्थानीय चुनावको छेकोमै विदेश उड्नुपरेपछि केकी मतदानबाट वञ्चित हुने भएकी छन् । मताधिकारको प्रयोग गर्न नपाएकोमा आफूलाई चित्त दुःखेको केकीले बताएकी छन् ।

फेसबुकमा स्टाटस लेख्दै केकीले निर्वाचनको समयमा देशबाहिर हुनु र बहुमूल्य भोटको प्रयोग गर्न नपाउनुले चित्त दुखेको उनले उल्लेख गरेकी छन् । 'तपाईंहरुले एक भोटको मूल्य पक्कै बुझ्नुभएको छ । निर्वाचनमा सहभागी भई मताधिकारको सही प्रयोग गर्नुहोला,' उनी लेख्छिन्, 'शान्त, सुरक्षित अनि सुव्यवस्थित वातावरणमा निर्वाचन सम्पन्न हुनसकोस् भन्ने कामना गर्दछु ।'

केकी मात्र होइन, चुनावको मुखमै विदेश उडेका अन्य कलाकार पनि मताधिकारबाट वञ्चित हुनेछन् । अभिनेता सलोन बस्नेत 'हनी बनी' फिल्म छायांकनका लागि लण्डन पुगेका छन् ।

## नेपाल आउन ज्याक्लिनले मागिन् अदालतसँग अनुमति



**काठमाडौं/एजेन्सी-** जेठ १४ गते नेपालमा हुने 'द ब्याङ रिलोडेड टुर'का लागि नेपाल आउन लागेकी बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिजले भारत सरकारसँग अन्तर्राष्ट्रिय भ्रमणका लागि अनुमति मागेकी छन् । उनले दिल्लीको एक अदालतमा निवेदन दिँदै १५ दिनका लागि विदेश यात्रामा जान अनुमति मागेकी हुन् ।

ज्याकलिनले केही समयअघि देखि २ सय करोड भारतीय रुपैयाँ मनी लन्ड्रिङ गरेको मुद्दा खेपिरहेकी छिन् । सुकेश चन्द्रशेखर नामक एक व्यक्तिसँग उनको नाम जोडिएसँगै भारतको प्रवर्तन निर्देशनालय (ईडी)ले उनीविरुद्ध मुद्दा चलाइरहेको छ । यसबीच आफूविरुद्ध मुद्दा चलिरहेका कारण ज्याकलिन देशबाहिर जान नमिल्ने भएको छ ।

ज्याक्लिनले भने आफूलाई नेपाल, अबुधाबी र फ्रान्समा हुने कार्यक्रममा जानका लागि १५ दिन विदेश यात्राको अनुमति दिन अनुमति मागेकी हुन् । ज्याक्लिन नेपालमा 'द ब्याङ रिलोडेड टुर', अबुधावीमा 'आइफा फिल्म अवार्ड' र फ्रान्समा भ्रमणका लागि जाने कार्यक्रम निर्धारित छन् । पूर्व निर्धारित यी कार्यक्रमका लागि आफू विदेश यात्रामा जानुपर्ने कारण ज्याक्लिनले अघि सारेकी छिन् ।

केही समययता मनी लन्ड्रिङको मुद्दा खेपिरहेकी ज्याक्लिनलाई पछिल्लो पटक दुबई जान लाग्दा मुम्बई विमानस्थलमा रोकिएको थियो । प्रवर्तन निर्देशनालयले गत साता मात्रै उनको ७ करोड भारतीय रुपैयाँको सम्पत्ति पनि जफत गरेको छ । यता उनीविरुद्ध लागेको मुद्दामा मे २० मा अदालतले निर्णय सुनाउने बताइएको छ ।

## 'एकान्तमा' म्युजिक भिडियो सार्वजनिक

**काठमाडौं/मस-** गीतकार अगम विकरालको 'एकान्तमा' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । दार्जिलिङको मिरिकमा छायाङ्कन भएको भिडियोमा प्रतिमा लिम्बू र मनेन्द्र गोर्खाले अभिनय गरेका छन् ।

मेलिना राईको स्वर रहेको गीतमा नुहाङ राईको सङ्गीत र फणिन्द्र राईको 'एरेञ्ज' रहेको छ । 'एकान्तमा तिम्रो यादले सताउँछ उसैगरी', 'छुट्यो बाटो, टुट्यो सपना', 'कति कति सम्झनामा ती पुराना क्षणहरु'लगायत बोलका गीत म्युजिक भिडियोमा समावेश गरिएको छ ।

म्युजिक भिडियोको निर्देशन पनि सङ्गीतकार राईले नै गरेका हुन् । आपसी मतभेदका कारण श्रीमान्ले घर छोडेपछि एक्लिएकी युवतीको विरह भिडियोमा देखाइएको छ । गीतकार विकरालका यसअघि पनि केही म्युजिक भिडियो सार्वजनिक भइसकेका छन् ।

रोजगारीको सिलसिलामा हाल दक्षिण कोरियमा रहेका विकरालले करिब एक दर्जन गीत रेकर्ड गराउनुभएको छ । उहाँको 'नसम्झिने वाचासँगै' गीत लोकप्रिय छ ।


### कतारमा रोजगार | कम्पनी: GREEN PRINT W.L.L. शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/०२ चलानी नं.: ६०१७०७५१ LT. No.: 254216 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Color Press Op. | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६०,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Signboard Painter | 1 | 0 | | 1500 | ५०,६४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेष्ठ ६ गते (20 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

### UAE मा रोजगार | कम्पनी: Lahej & Sultan Cleaning Services & General Maintenance Co. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०१/२९ चलानी नं.: ६०१७९११७ LT. NO.: 262888

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 350 | 145 | स. काममा दक्ष | 800 | २६,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ६ गते (20 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, फोनः ४३८७९९१, ४३८७९९२, ४३५४१०६, मो. नं. ९८०२०७०५१०, ९८०२०७०६२१,९८०१०३३९७० | Email: bhupal@siwakoti.com

### कतारमा रोजगारको अवसर | १. कम्पनी: BAGS AND MORE OUTLET शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/२२ चलानी नं.: ६०१७८९३१ LT. No.: 262706

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DRESS FOR LESS OUTLET शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०१/२२ चलानी नं.: ६०१७८९३० LT. No.: 262705

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ ६ गते (20 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

